# वीरगञ्ज उद्योग वाणिज्य सङ्घ
# Birgunj Chamber of Commerce & Industries

BiCCI

वीरगञ्ज महानगरपालिका वडा नं. ४
जिल्ला पर्सा, प्रदेश नं. २, नेपाल

सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ

पत्र संख्या :

## प्रेस विज्ञप्ति

काठमाण्डौं, ९ चैत्र/

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताको नेतृत्वमा सङ्घको एक शिष्ट मण्डलले गृहमन्त्री बालकृष्ण खाणसँग उहाँकै कार्यकक्षमा भेटघाट तथा छलफल गरेको छ।

छलफलका क्रममा सङ्घका अध्यक्ष डा. गुप्ताले औद्योगिक सुरक्षा बलको पुनः स्थापना हुनुपर्ने, सीमा सुरक्षा बैठकको निरन्तरता दिनु पर्ने, वीरगञ्जमा सञ्चालित सिसिटिभी परियोजना संचालनका लागि कोषको व्यवस्थापन राज्यको तर्फबाट गरिनुपर्ने तथा उक्त परियोजनामा दक्ष जनशक्तिको परिचालन गरिनुपर्ने, एउटा निश्चित सीमाभित्र नगद रकम ओसारपसारमा कुनै किसिमको हस्तक्षेप नहुनुपर्ने, डिजिटल सेक्युरिटी विङ्गको स्थापना गर्ने, स्थानीयस्तरमा रहेका अपराधीहरुलाई कारागार स्थानान्तरण गर्नुपर्ने, मालवाहक सवारीसाधनलाई चेकजाँच गर्ने निकाय हुँदाहुँदै प्रहरी प्रशासनबाट विभिन्न बहानामा दुःख दिने गरिएको कार्यलाई बन्द गरिनुपर्ने लगायतको सुझाव दिनुभयो।

गृहमन्त्री खाणले वीउवासङ्घबाट प्रस्तुत सुझावहरुलाई आफूले गम्भीरतापूर्वक लिएको बताउनुभयो। उहाँले मुलुककै शान्ति सुरक्षाप्रति आफू सम्वेदनशील रहेको बताउनुहुँदै राज्य उदारवादी अर्थतन्त्रमा प्रवेश गरेको बताउनुभयो। उहाँले उद्योग व्यवसाय निर्वाध रुपमा सञ्चालन हुन सकेमा मात्र सरकारी राजस्व संकलन हुने र रोजगारी सिर्जना हुने भएकोले उद्योग, व्यवसायको संरक्षण, सम्वर्द्धनप्रति सरकार सचेष्ट रहेको बताउनुभयो। अवैध व्यापारलाई निरुत्साहित गर्दै वैध व्यापारलाई प्रोत्साहन गर्ने सरकारको प्राथमिकतामा रहेको उहाँले बताउनुहुँदै मोफसलका निजीक्षेत्र र प्रशासन बीच समन्वयात्मक भूमिका निर्वाह हुन सकेमा उद्योग व्यवसाय सञ्चालनका क्रममा आउने समस्या न्यूनीकरण हुने देखिएको सोही किसिमको भूमिका निर्वाह गर्न प्रहरी प्रशासनलाई निर्देशन दिएको बताउनुभयो। साथै सीमांचल क्षेत्रको शान्ति सुरक्षा आफू गम्भीर रहेको उहाँले बताउनुहुँदै आगामी दिनमा आउने व्यवहारिक एवम् नीतिगत समस्याहरुलाई समाधान गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भेटघाटको क्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष, अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दास, सह-कोषाध्यक्ष प्रेमचन्द्र गोयल, का.स.स. सुनिलकुमार खेतान, सुमन क्याल, नरेश टिबडेवाल, अंकित खेतान, राजेन्द्र गुप्ता लगायतको उपस्थिति रहेको थियो।

डा. सुबोधकुमार गुप्ता
(अध्यक्ष)


Bicci Building, Hospital Road, Birganj Metropolitan City, Birta-4, Province No. 2 (Nepal)
Phone : 0977-51-522290, 523653, Fax : 051-526049, E-mail:bicci@bicci.org.np
Website: : www.bicci.org.np


STOP Child Labour